{«DateLetterGenerated»}

{«Guardian»}
{«MailAddress»}
{«MailCity», «MailState» «MailZip»}

प्रमाणित मेलमार्फत {«Enter certified mail number»}

आदरणीय आमाबुवा/घरधनी:

एक जना बच्चा {«Street, City, State Zip»} मा अवस्थित तपाईं बस्ने आवासीय एकाइमा सम्भवतः लिडको सम्पर्कमा आएर उहाँलाई लिडको विषाक्तता भएको आशङ्का गरिएको छ। {«HDname»} ले यो घरमा बस्ने तपाईंको बच्चालाई {«DrawDate»} देखि लिडको विषाक्तता भएको पत्ता लागेको बारेमा जानकारी प्राप्त गरेको छ।

स्वास्थ्य सेवा निर्देशक (Director of Health) वा उहाँका लागि नियुक्त गरिएको प्रतिनिधिले छ वर्षमुनिको बच्चालाई लिडको विषाक्तता भएको कुरा थाहा पाएपछि ओहायोको कानुन, ओहायोको संशोधित नियमावलीको सेक्सन 3742.35 र नियम 3701-30-07 बमोजिम स्वास्थ्य सेवा निर्देशक वा अधिकार प्राप्त स्वास्थ्य बोर्डले लिडको विषाक्तता निम्त्याउने स्रोत पत्ता लगाउन जन स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्नु पर्ने हुन्छ। यसका साथै, संशोधित नियमावलीको सेक्सन 3701.06 ले स्वास्थ्य सेवा निर्देशक वा उहाँले अधिकार दिनुभएको कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी कुनै कानुन वा नियमको उल्लङ्घन भएको छ कि छैन भन्ने कुराको अनुसन्धान गर्ने प्रयोजनका लागि आवासीय एकाइसहित कुनै पनि भवनमा प्रवेश गर्ने अनुमति दिन्छ।

**यो घरको** {«HDRepresentativeName»}**स्थलगत अनुसन्धान गर्ने समय तय गर्न कृपया यो पत्र प्राप्त भएको मितिबाट तीन** (3) **दिनभित्र** {«HDRepresentativePhone»} **मा सम्पर्क गर्नुहोस्।** अनुसन्धान पूरा भएपछि तपाईंलाई उक्त अनुसन्धानका नतिजाहरू उल्लिखित एउटा रिपोर्ट पठाइने छ। उक्त अनुसन्धानका क्रममा पत्ता लागेका लिडसम्बन्धी सबै जोखिमहरू लिड न्यूनीकरण ठेकेदारका सहायताले हटाउनु पर्छ। यसका साथै, घरधनीले उक्त घर बिक्री गर्दा वा भाडामा लगाउँदा सो अनुसन्धानका नतिजाहरूका बारेमा अनिवार्य रूपमा जानकारी दिनु पर्छ।

कृपया ख्याल गर्नुहोस्, तपाईंले घरमा प्रवेश गर्न दिनुभएन भने {«AuthorityName»} ले {«CountyName»} काउन्टीको सामान्य मुद्दा मामिला हेर्ने अदालत (Common Pleas Court) मा आवेदन दाखिला गरेर तपाईंको घरमा प्रवेश गर्ने आदेश प्राप्त गर्न सक्छ। यस विषयमा ध्यान दिनुभएकोमा धन्यवाद।

भवदीय,

{«LegalCounselName»}
{«LegalCounselTitle»}
{«LegalCounselAgency»}